# आकाशवाणी समाचार- नेपाली

मितिः १३ जुन २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

- विमान दुर्घटना जांच ब्यूरोले अहमदाबादमा एआई 117 विमान दुर्घटनाको जांच शुरू गरेको छ।
- अहमदाबाद एयर इण्डिया बिमान दुर्घटनामा सवार 241 जनाको मृत्युको पुष्टी, एक यात्री जीवित बाँचेको चमत्कार।
- प्रधानमंत्री नरेन्द्र मोदी केही बेर पछि आज अहमदाबाद पुग्दै हुनु हुन्छ तथा घटना स्थल र अस्पताल जानु हुने छ।
- विश्वका नेताहरूले यस दुःखद घटना प्रति गहिरो शोक व्यक्त गरेका छन्।
- इजरायलले इरानमाथि आक्रमण गरेको छए इरानले पनि जवाबी कारवाही गरेको छ।
- विपक्षी दलहरूको लगातार अवरोधले गर्दा नेपालको संसदको कारवाही गत दुई साता देखि बाधित भएको छ।

**<u>नायडू-विमान दुर्घटना जांच</u>**

नागरीक उड्डयनमंत्री राम मोहन नायडूले विमान दुर्घटना जांच ब्यूरोले अहमदाबादमा एआई 117 विमान दुर्घटनाको जांच शुरू गरिएको बताउनु भएको छ। उहाँले यो जांच अंतर्राष्ट्रीय नागरिक उड्डयन संगठन द्वारा निर्धारित अंतर्राष्ट्रीय नियमहरू अनुरूप गरिने बताउनु भएको छ ।

श्री नायडूले अझ भन्नु भयो – सरकारले यो मामिलाको जांचका लागि उच्च स्तरीय समिति गठित गरि रहेको छ। यस समितिमा विभिन्न क्षेत्रहरूका विशेषज्ञहरूलाई शामेल गरिने छ। यो समितिले विमानन सुरक्षालाई दुरूस्त गर्ने तथा भविष्यमा ऐस्ता दुर्घटनाहरूलाई रोकने उपायहरूबारे विचार गर्ने छ।

**<u>एयर इंडिया.विमान दुर्घटना -1</u>**

हिजो एयर इंडियाको यस विमान दुर्घटनामा 265 जनाको मृत्यु भएको पुष्टी गरिएको छ। मर्नेहरूमा सो विमानमा सवार जम्मा 242 मद्दे 241 जना सामेल छन् र सौभाग्यले एक जना यात्री जीवित बाँच्न सफल भएका छन। रहल मर्नेहरूमा त्यो मेडिकल कलेजका डाक्टरए मेडिकल विद्यार्थी र अन्य कर्मीहरू सामेल छन् जसको भवनमाथि यो विमान झरेको थियो। गृहमंत्री अमित शाह तथा नागरिक उड्डयनमंत्री राम मोहन नायडु हिजो घटना स्थलमा पुगी गुजरातका मुख्यमंत्री भूपेषभाई पटेलका साथ घटनाको जानकारी लिनु भयो। तथा अस्पतालमा गएर घाइतेहरू सित भेट गरि स्वास्थ्यको जानकारी लिनु भयो। श्री शाहले भन्नु भयो

**..... बाईट... अमित शाह ......**

घटनाको जानकारी पाउन साथ प्रधानमंत्री नरेन्द्र मोदीले गृहमंत्री तथा उड्डयनमंत्री सित फोनमा कुरा गरी स्थितिको जानकारी लिनु भयो तथा दुवै मंत्रीहरूलाई तत्काल अहमदाबाद जाने निर्देश दिनु भएको थियो। राहत र बचाव कार्यमा एनडीआरएफए सेनाका जवानए पुलिस र अग्नीशमन विभागका कर्मीहरू तत्काल खट्टाइएका थिए। ताजा जानकारी अनुसार राहत रबचाव कार्य समाप्त भएको छ।

ताजा प्राप्त जानकारी अनुसार आज प्रधानमंत्री नरेन्द्र मोदी स्वयं अहमदाबाद जानु हुने छ तथा स्थितिको प्रत्यक्ष जानकारी लिनु हुने छ। प्रधानमंत्रीले घाइतेहरूसित पनि भेट गर्नु हुने छ। गृहमंत्रीले आज पीडित परिवारहरूसित भेट्ने सम्भावना छ।

## एयर इंडिया.विमान दुर्घटना -2

सो विमान हिजो एक बजेर उन्चालीस मिनटमा अहमदाबाद हवाई अड्डाबाट उडान भर्ने बित्तिकै दुर्घटनाग्रस्त भयो। विमानमा जम्मा 242 यात्रीहरू थिए जसमा चालक दलका 10 र 2 पाइलट सामेल छन्। यात्रिहरूमा भारतका 169ए ब्रिटेनका 53, पुर्तगालका सात र कनाडाका एक नागरिक विमानमा सवार थिए। गुजरातका पूर्व मुख्यमंत्री र भारतीय जनता पार्टीका बरिष्ठ नेता विजय रूपाणी पनि सो विमानमा सवार थिए र उनको पनि मृत्यु भेको छ। एक मात्र जीवित बाँच्ने यात्रीको नाम रमेश विश्वास कुमार रहेको छ।एयर इण्डियाले यस दुर्घटनामा ज्यान गुमाउने प्रत्येक परिवारलाई एक एक करोड़ रूपियाँको साहयता राशी दिने तथा घईतेहरूको उपचारको सबै खर्च दिने घोषणा गरेको छ। यसका साथै क्षतिग्रस्त मेडिकल कलेजको भवनको निर्माण गरि दिने घोषणा पनि गरेको छ। अर्को तीर अमेरिकी विमान विनिर्माता कंपनी बोईंगले एयर इंडिया सित लगातार संपर्कमा रहेको बताएको छ। बोईंगले एयर इण्डियालाई सबै प्रकारको आवश्यक सहायता दिन आफू तैयार रहेको बताएको छ। दुर्घटनाग्रस्त बोईंग 787-8 ड्रीमलाईनर विमान वर्ष 2014 मा एयर इंडिया लाई प्रदान गरिएको थियो। हिजो भएको यस विमान दुर्घटना पछि बोईंगको शेयरहरूमा चार प्रतिशत भन्दा बढी गिरावट आएको छ।

## नेपाल राष्ट्रपति-विमान दुर्घटना

नेपालका राष्ट्रपति रामचंद्र पौडेलले अहमदाबाद विमान दुर्घटना प्रति गहिरो दुख व्यक्त गर्नु भेको छ। श्री पौडेलले एक सामाजिक संजाल पोस्टमा यस दुःखद घटनामा ज्यान गुमाउनेहरू प्रति गहिरो शोक समवेदना व्यक्त गर्नु भेको छ। रूसका राष्ट्रपति व्लादीमीर पुतिन , फ्रान्सका राष्ट्रपति इमानुएल मेक्रो, ब्रिटेनका प्रधानमंत्री केइरी स्टामर, अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प सहित विश्वका कई नेताहरूले यस विमान दुर्घटना प्रति गहिरो शोक समवेदना व्यक्त गरेका छन्।

## नेपाल-प्रतिनिधि सभा

नेपालमा विपक्षी दलहरूका नेताहरूले हिजो प्रतिनिधि सभामा निकै हो-हल्ला मच्याए पछि सदनको कारबाहीलाई आज दिउँसो एक बजी सम्मका लागि स्थगित गरिएको छ। विपक्षी सांसदहरूले सरकारको नीतिहरूको विरोध गर्दै सदनको कारबाहीमा लगातार बाधा उत्पन्न गरेकोले विगत दुई साता देखि संसदको बैठक हुन सकेको छैन। हिजो सदनको बैठक दिउँसो तीन बजी देखि हुनु थियो तर विपक्षी हंगामाले गर्दा यसलाई बेलुकि 6 बजेर 30 मिनट सम्मका लागि स्थगित गर्न पर्यो। त्यस पछि सदनको कारबाही फेरी शुरू हुन्दा विपक्षी सांसदहरू सदन पटलमा उभिएर नाराबाजी र विरोध गर्न थाले। यो स्थितिले सदनका अध्यक्ष देवराज घिमिरे निकै क्षूब्ध भए तथा सांसदहरूसित व्यवस्था बनाइ राख्ने घरि घरि अपिल गरे। तर विपक्षी सासंदहरूले उहाँको कुरा न सुने पछि सदनको कारबाहीलाई आज दिउँसो सम्मका लागि उहाँले स्थगित गर्ने घोषणा गर्नु भयो। सीपीएन (माओवादी सेंटर), राष्ट्रीय स्वतंत्र पार्टी र सीपीएन (यूनिफाइड सोशलिस्ट) सहित विपक्षी दलहरूले अन्य मुद्दाहरूका साथ यात्रा वीजा घोटालाको जांच गराउने तथा गृह मंत्रीको राजीनामाको माग पनि गरि रहेका छन्।

## राष्ट्रीय अन्वेषण अभिकरण- एनआईएले

राष्ट्रीय अन्वेषण अभिकरण- **एनआईएले** अमृतसर पुलिस चौकी ग्रेनेड हमलाको सिलसिलामा पंजाब र हरियाणामा आतंकी संगठन बब्बर खालसा इंटरनेशनलसंग जुडेका विभिन्न स्थलहरुमा छापा मारेको छ। एनआईएले बताया अनुसार हिजो पंजाबको अमृतसर, तरणतारण, फिरोजपुर, पठानकोट, कपूरथला र रूपनगर तथा हरियाणाको सिरसाको पंद्रह स्थानहरुमा खोजि गरियो। खोजीको दौरान मोबाइल फोन, डिजिटल उपकरण र दस्तावेज सहित अनेक आपत्तिजनक सामग्रीहरु जब्त गरिएको छ।यसको गहन जांच गरिदैछ। पुलिस चौकी गुमतालामा यो हमला पिछि विगत दिनहरुमा पंजाब र हरियाणामा कानून प्रवर्तन प्रतिष्ठानहरुलाई निशाना बनाएर गरिएको बब्बर खालसा इंटरनेशनल हमलाको नज़रमा छ।यस आतंकी संगठनको विदेशी

कार्यकर्ता हैप्पी पासियनले यस हमलाको जिम्मावारी लिएको थियो। एनआईएले बताए अनुसार हमलाको निम्ति विस्फोटक र वित्तीय सहायता बब्बर खालसा इंटरनेशनलका सरवन सिंहले बग्गा सिंह र मनदीप सिंहलाई उपलब्ध गराएको थियो। बग्गालाई यसै वर्ष फरवरीमा पंजाब पुलिसले गिरफ्तार गरेको थियो जबकि मनदीप सिंह अहिले पनि लापत्ता छ।

**रुस - युक्रेन युद्ध**

युक्रेन र रुसले हिजो कैदी आदानप्रदानको दोस्रो चरण पूरा गरेका छन् ,जसमा गम्भीर बिरामी र घाइते सैनिकहरू पनि समावेश छन्। युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले घोषणा गरे कि रिहा गरिएकाहरूमा युक्रेनी सशस्त्र बल, राष्ट्रिय गार्ड र सीमा गार्डका सेनाहरू पनि समावेश छन्। त्यही समयमा रुसको रक्षा मन्त्रालयले बताएको छ रूसी सैनिकहरूको एक समूह युक्रेनी कैदबाट फर्किएको छ र बेलारुसमा चिकित्सा र मनोवैज्ञानिक हेरचाह प्राप्त गरिरहेको छ।

**ज्ञान पोस्ट**

हुलाक विभागले शैक्षिक, सांस्कृतिक, सामाजिक र धार्मिक पुस्तकहरूको सहज र सुलभ उपलब्धता सुनिश्चित गर्न विशेष हुलाक सेवा सुरु गरेको छ। यो पहल नयाँ शिक्षा नीतिको लक्ष्य अनुरूप छ र दुर्गम र ग्रामीण क्षेत्रहरू सहित देशभर छापिएको शैक्षिक सामग्रीलाई किफायती बनाउने लक्ष्य राखेको छ। ज्ञान पोस्ट मार्फत, देशका सबै हुलाक कार्यालयहरूबाट तीन सय ग्राम तौल भएका पुस्तकहरूको प्याकेटको लागि न्यूनतम बीस रुपैयाँ र पाँच किलोग्रामसम्मको प्याकेटको लागि एक सय रुपैयाँ शुल्क लाग्नेछ। यो दरमा लागू हुने करहरू समावेश छैनन्। पारदर्शिता र विश्वसनीयता सुनिश्चित गर्न, पठाइएको सामग्रीको ट्र्याकिङ पनि गर्न सकिन्छ। यस बारे विस्तृत जानकारी नजिकको हुलाक कार्यालय वा भारतीय हुलाकको आधिकारिक वेबसाइटबाट प्राप्त गर्न सकिन्छ।